*Orchid Academia Siraha*
Vol. 1, Issue 1, Dec. 2022: 125-132
ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

# सिर्जन सन्दर्भमा अश्वत्थामा नाट्यकाव्य
## Ashwathama Natyakavya in Creative Context

**Asst. Prof. Devsharan Yadav**
SSMYMC Siraha
*ydevsharan889@gmail.com*

### लेख सार

*यस लेखमा गीतिनाट्यकाव्यकार माधव घिमिरेको 'अश्वत्थामा' गीतिनाट्यकाव्यको सिर्जन सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस गीतिनाट्यकाव्यमा कवि घिमिरे काव्य रसायनले परिपूर्ण भई प्रौढावस्थाको जीवन चैतन्यता तथा दार्शनिक चिन्तनको उद्‌बोध गरेका छन् । विश्वमा भैरहेको अन्याय, अत्याचार, दमन, शोषण, उत्पीडन, हत्या, हिंसा, बालहत्या, भ्रुण हत्या, शक्तिको दुष्प्रयोग, मानव मूल्यको ह्रास अर्थात सम्पूर्ण मानवजातिकै साझाथलो नै सन्त्रस्त हुँदै गइरहेको वस्तु सत्यलाई पूर्ण सचेत भई देखाएका छन् । यी यस्ता अपराधिक कार्यमा उद्दत मानव स्वयमले नै त्यसको परिणाम भोग्नु पर्ने हुँदा मानवीय सचेतनाको शङ्खघोष पनि यस काव्यमा भएको हुनाले विश्वकै सचेतना स्वरुप र मानवीय वेदनाका निम्ति प्रस्तुत गीति काव्य सिर्जनको उद्देश्य रहेको छ । यस लेखमा प्राथमिक र द्वितीय सामग्रीको प्रयोग गरी पुस्तकालयीय अध्ययन कार्यबाट वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । अन्ततः धर्तीबाट युद्धको अन्त्य भई विश्वबन्धुत्वको भावना, भाइचारा, आपसी सदभाव, प्रेरणा र वैचारिकता नै यस काव्यको मुख्य सन्देश रहेको बुझिन्छ ।*

***मुख्य शब्द:*** मानवीय अस्मिता, शक्तिको दुष्प्रयोग, परिणाम, काव्यको सिर्जन-सन्दर्भ

*Critical contexts of lyrical poem 'Ashwathama' of lyricist Madhab Ghimire is presented in this article. Being full of poetic mood, the poet Ghimire has expressed the life consciousness and philosophical thinking of adulthood in this lyrical poem. Being full conscious, he has shown that the common place of people is alarming including injustice, tyranny, repression, exploitation, oppression, murder, violence, infanticide, feticide, abuse of power, degradation of human value in the world. It has expressed the need of peoples' consciousness as the result of such criminal acts should be faced by people themselves, and it aims to raise awareness of world and sufferings of people. Primary and secondary sources were used, and library work, descriptive and analytical methods were used to analyze data. The main message of this poem is the sense of world brotherhood, brotherhood, mutual harmony, inspiration and ideology after the end of world war.*

***Keywords:*** abuse of power, consequences, creative contexts of poetry, human identity

 Vol. 1, Issue 1, Dec. 2022 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

## विषय प्रवेश

आधुनिक नेपाली साहित्यजगतका उत्कृष्ट कुशल शिल्पी छन्दवादी, राष्ट्रवादी एवम् काव्यरसायनले परिपूर्ण भएका कवि माधव घिमिरे वि.सं.१९९२ सालको गो.प.मा प्रकाशित 'ज्ञानपुष्प' शीर्षक कविता लेखेर साहित्यिक यात्राको शुभारम्भ गरेका हुन् (त्रिपाठी, २०६५, पृ. २३१) । अझै उनी समालोचकीय दृष्टिकोणबाट त कविशिरोमणि लेखनाथको शास्त्रीयता-परिष्कारवाद, समको बौद्धिक दार्शनिकता र देवकोटाको स्वच्छन्द-काल्पनिक एवम् प्रकृतिवादी प्रवृत्तिकै त्रिसङ्गमकडीलाई समातेर अघि बढेकाले उनको साहित्यिक कृति निकै उत्तम काव्यगुणले परिपूर्ण छन् । जीवन र सङ्घर्षलाई पर्याय मान्ने कवि घिमिरे निरन्तर काव्य साधनमा लागी युवा पुस्तामा उत्साह भर्ने कार्मयोद्धाका रुपमा सुपरिचित छन् ।

अश्वत्थामा गीति नाट्यकाव्यको रचना २०५१ मै भएको तर प्रकाशन २०५३ मा ने.रा.प्र.प्र. बाट भएको हो । त्यसपछि तत्कालै अश्वत्थामाको अङ्ग्रेजी अनुवाद गराई ने.रा.प्र.प्र.ले नै छपाई विश्वप्रसिद्ध नोवेल पुरस्कारका लागि पठाइएको पहिलो नेपाली कृति सम्वभवत: यही नै हो । यसरी कवि तथा गीति नाट्यकाव्यका घिमिरे विभिन्न गीतिनाटक गीतिकविताहरु रचना गरेर आधुनिक नेपाली गीतिनाटक क्षेत्रमा अत्यधिक योगदान दिई गीति नाटय परम्परालाई उच्च स्थान प्रदान गरेका छन् । यसका साथै रङ्गमञ्चीय एवम् अभिनेय, दृश्याङ्कन र पात्र विधान, द्वन्द्वात्मकता र मनोविश्लेषणात्मकता, मानवतावाद र संवाद, कारुणिकता र भावुकता, मिथकीय पुनर्सिर्जना र सामाजिक समस्या, मितव्यीता र कलात्मकता, युद्ध अपराधका पीडाबोध र पश्चाताप, रमरम व्यङ्ग्य चेतना, प्रेम हार्दिकता र सद्भाव, भौगोलिक एवम् प्राकृतिकचित्रण, विभिन्न विम्वप्रतीक र अलङ्कारको सफल प्रयोग, विभिन्न रसहरुको सफल प्रयोग, सरल, बोधगम्य, सहज भाषा-शैलीको प्रयोग गीति नाट्यकाव्यका कुशलशिल्पी घिमिरेका नाट्यकाव्यगत मुख्य प्रवृति तथा विशेषताहरु हुन् (शर्मा, २०६२) ।

## अध्ययन विधि

यस गीति नाट्यकाव्यको सिर्जन सन्दर्भ, कथावस्तु आदिका विश्लेषणका लागि प्राथमिक र द्वितीय सामग्रीहरुको प्रयोग गरिएका छन् । घिमिरेको अश्वत्थामा नाट्यकाव्य (घिमिरे, २०५३) प्राथमिक सामग्री हो भने अन्य सन्दर्भ सामग्रीका पुस्तक तथा लेख रचनाहरु द्वितीय सामग्री हुन् । यी दुवै किसिमका सामग्रीहरुको सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट भएको छ । उक्त नाट्यकाव्यको अध्ययन विश्लेषण र सिर्जन सन्दर्भ हेर्ने सैद्धान्तिक आधार गीति नाट्य परम्परा र अश्वत्थामा नाटक रहेको छ । प्रस्तुत लेखका सामग्रीहरुलाई वर्णन र विश्लेषण गर्न वर्णनात्मक विधिको प्रयोग गरिएको लेख देवनागरी लिपिमा तयार पारिएको छ । यस लेखमा नाट्यकाव्यलाई नै मुख्य आधार बनाई अध्ययन विश्लेषणबाट लेखको निष्कर्ष, प्रमाणिक, वस्तुगत र विश्वसनीय बनाउन सहयोग पुगेको छ ।

## अध्ययनको महत्व र सीमा

यस लेखको प्रमुख उद्देश्य वर्तमान विश्व परिवेशका सम्भावित आणविक, प्रमाणविक तथा जैविक युद्ध, युद्ध अपराध, पश्चातापको महापीडा बोध, मानवमूल्यको तहसनहस, व्यक्ति, व्यक्तिकै कर्तव्यबाट आततायी एवम् भय त्रासको अवस्था भयावह युद्ध विभीषिकाको सर्वनास अवस्था र दर्दनाक बेदनाबाट सम्पूर्ण मानवजातिलाई नै सदाकालागि मुक्तगरि विश्व-मानव समुदायलाई जोगाउन उनका अन्तर आत्मामा युद्धका पूर्वानुभूति गराउने नैतिक एवम् आध्यात्मिक संवेदनासिक्तभइ करुणाचेत जगाउने उद्देश्यमा केन्द्रित युगसापेक्ष जीवनमुल्य उन्मुख विश्व मानवसमस्या अन्त्यको शङ्खनाद गर्नु नै रहेको छ । यसका साथै यस लेखमा नाट्यकाव्य सिर्जन गर्नुको प्रमुख सन्दर्भलाई नै आधार बनाई सङक्षिप्त रुपमा नाट्यकाव्यको प्रस्तुतीमा मात्र केन्द्रित रहेको छ ।

## अश्वत्थामा नाट्यकाव्य लेखनको आधारभूमी तथा सिर्जन सन्दर्भ

राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा लिखित अश्वत्थामा गीति नाट्यकाव्य पौराणिक कथामा आधारित रहेको छ । हिन्दु धर्मको सुप्रसिद्ध आर्ष माहाकाव्य 'महाभारत'का खल पात्र अश्वत्थामा अष्टचिरञ्जीवीहरु मध्ये एक हुन । यसमा अश्वत्थामाकै चारित्रिक करतुतलाई देखाउँदै मानव सभ्यतामा प्रक्षेपण गरिएका छन् ।

कवि घिमिरे आफ्ना बाल्यकालिन सम्झानाहरु (जोगी, धामी, झाँक्री आदिको कुरा अश्वत्थामाकै अंश रहेको देखिएको) बाट प्रेरित भई अश्वत्थामा नाट्यकाव्य लेखिएको सन्दर्भ प्रस्तुत भएको छ । त्यस्तै पाञ्चाल नरेश द्रुपदसँग बाल्यकालमा मितेरी गाँसेका द्रोणाचार्य आफ्ना छोराका निम्ति दुहुनो गाई माग्न जाँदा गल्हत्याएर अपमानित गरी पठाइएको मार्मिक प्रसङ्ग रहेको छ । सत्यवादी युधिष्ठिरले समेत धनुर्विधाका गुरु द्रोणाचार्यको संहार गराएको तथ्य, यसका साथै भीमले दुर्योधनलाई गदा युद्धमा युद्ध नियम विपरीत नहान्ने ठाउँमा हानेर पराजय गराएको प्रतिशोध स्वरुप अश्वत्थामा पाण्डव शिविरमा रात्री विश्राममा रहेको पाण्डव पुत्रहरुको हत्या गरेर दुर्योधनलाई देखाउँदा पहिले खुशी भएको तर पाण्डवका निर्दोष छोराहरु मारिएको कुरा सम्झेर हर्षँ र विस्मातको भुँवरीमा दुर्योधनको मृत्यु भएको (आचार्य, २०६७, पृ. ४०७) धार्मिक प्रसङ्गहरु काव्य लेखनका आधार बनेका छन् ।

यसका साथै पेन्सिल बानियामा बिजुली सटबाट भएको नृशंसकारी भयानक घटना, युथोपियामा बाइण्डबाट भएको बीदीर्ण आगलागी, स्पेनमा ग्यास चुल्हाबाट भएको भयङ्कर दु:खद घटना, जर्मनमा देखिएको हिटलरको तानाशाही प्रवृति र दण्डको चरमरुप, प्रथम विश्वयुद्ध (सन् १९१४-१५) र दोस्रो विश्व युद्ध (सन् १९४५) बाट विश्वमै भएको मानव मुल्यको अवमूल्यन र सन्त्रस्त वातावरणको प्रत्याभूति, जापानको हिरो सिमा र नागासाकीमा भएको एटम वम विस्फोट र दीर्घकालिक मानवीयक्षति साथै धर्तीको वन्जड अवस्था

 Vol. 1, Issue 1, Dec. 2022 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

(ऐ.ऐ. ४०७-८) एवम् विश्वमा चारैतिर फैलिएका युद्धका सन्त्रस्त वातावरण र आणविक परीक्षण ती परीक्षणले मानव जातिमा आइपरेका चुनौती र त्यसबाट कवि स्वयमको जीवनमा मानसिक असर परेको विभिन्न मानव विनास र विध्वंसकारी घटनाहरु सम्फेर दुःख लागेको मानवीय संवेदना स्वरुप उक्त गीति काव्य लेखिएको छ ।

आदि यस्ता अनेकौ घटनाहरुबाट मानव जीवन दुःखी र सन्त्रस्त बन्दै, मानव मूल्यको ह्रास हुँदै गएको दया, माया र मानववादको कमी हुँदै गएको बालहत्या, भ्रुण हत्या, निहत्था, निर्दोष निरीह बालबनिता प्रतिको अतिअपराधिक महाघटनाहरुबाट प्रेरित भएर हिन्दु धर्मशास्त्रका विश्वविख्यात र विशालकाय ग्रन्थ महाभारतको एक खल पात्र जसले नियम विरुद्ध छलप्रपञ्च गरेर छेडेको युद्ध, जानीजानी गरेको पाप, ब्रह्मास्त्रको दुरुपयोग गरेको अश्वत्थामा र उसैको अविर्भावबाट सुरुभई उसैको तिरोभावमा समाप्त भएको, त्यसकै प्रतीकार्य वर्तमान मानव जीवनमा घटिरहेका घटना भोग्नुपरेका दुःख कष्ट एवम् मानव जीवनकै यथार्थ चित्रणका लागि नाटकको नाम नै अश्वत्थामा राखेको प्रतीत हुन्छ ।

अश्वत्थामा जस्ता अपराधीहरु संसारमा धेरै जन्मिसकेका र तिनीहरुले गरेको अपराधबाट अरुलाई भन्दा बढी पिडा आफैलाई पनि खप्नु पर्ने र युगनायक श्री कृष्ण जस्ता युग पुरुषहरु अवतरित भई त्यस्ता जघन्य अपराधी, पापी दुष्टहरुको नरमणि झिकिने र अन्ततः तिनीहरुको हविगत पनि अश्वत्थामा झै हुने भन्ने मानवीय रक्षार्थको अभिप्राय यस गीतिनाटकमा प्रक्षेपण भएको बुझिन्छ ।

**कथावस्तु**

नेपाली साहित्य जगतका कवि तथा नाटककार माधव घिमिरेको 'अश्वत्थामा' गीति नाट्यकाव्यको रचना २०५१ सालमै भएपनि यसको प्रकाशन २०५३ सालमा ने.रा.प्र.प्र. बाट भएको हो । विश्वजनिन प्रेरणाले ओतप्रोत यस कृतिको मान सम्मान सगरमाथा भन्दा कम छैन भन्ने साहित्यकारहरुको दावी छ । यसको मुल कथा वस्तुलाई अङ्क एक देखि चार सम्म प्रथम भाग (यसमा हिमाली क्षेत्रको पर्वत पहाडहरुलाई अश्वत्थामाले विचरण गरेको बताएको देखिन्छ), अङ्क पाँचदेखि छौसम्म दोस्रो भाग (यसमा गुफा कन्दराभित्र अश्वत्थामाले गरेका अनुभवहरु देखाइएका छन्), र अङ्क सातौं तेस्रो भाग (यसमा रात्री याममा कविले झ्यालबाट अश्वत्थामाको अन्तिम रुप दर्शन गरेका कुरा देखाइएका छन्) गरी तीन भागमा बाँडेका छन् ।

**प्रथम भाग**

**अङ्क-एक**

धनुर्विद्याका निपुण गुरु द्रोणाचार्यका सुपुत्र अश्वत्थामा अपराधबोधी चेतनाद्वारा लखेटिएर शान्तिको खोजिमा आफ्नो अस्तित्वको वर्तमान कालो धव्वाबाट मुक्त हुने चाहना राखी उत्तर तर्फको हिमाली पर्वतीय क्षेत्रमा अवस्थित गोसाईकुण्डमा आइपुग्दछ । एक वृद्ध पिताले युद्धमा गएको आफ्नो छोराको लागि पर्खिरहेको हुन्छ । त्यो बुढो मानिससँग अश्वत्थामाको भेटहुँदा अश्वत्थामाले तपाईको छोरो बहादुरीसाथ फर्किने कुरामा विश्वस्त तुल्याउँदछ तर बहादुरीका साथ फर्के पनि युद्धको मर्माहत पीडा पनि सँगै लिएर आउने कुराको जानकारी समेत गराएको छ ।

**अङ्क-दुई**

अश्वत्थामाले गोसाई कुण्डमा विश्राम गर्ने अवसर पाउँछ । त्यहाँका ग्रामवासीहरु वीरपूजा गर्न जम्मा हुन्छन् । गाउँलेहरु खड्गनृत्य गर्दछन् र पाको बायुलाई खड्ग अर्पण गर्दै फर्कन्छन् तर जिज्ञासा पूर्वक एउटा लोभारे ठिटो वीर कस्तो हुन्छ ? हेर्न भनि रोकिन्छ । उसलाई देखेर लोभारे ठिटो डरले काम्न थाल्दछ । अश्वत्थामा हातफैलाउँदै लोभारे ठिटोतिर अघि बढ्छ । लोभारे विस्मय, डर र शङकामा छट्पटिदै बाहिर निस्कन्छ । डराएका गाउँलेहरु समेत नेपथ्यमा कराएको आवाज सुन्दछ । आफूलाई युद्ध पागल ठान्ने अश्वत्थामा पनि बाहिर निस्कन्छ ।

**अङ्क-तीन**

गोसाई कुण्डको पल्लो पाखामा रहेको जङ्जलमा अश्वत्थामा एक्लै बसेर आत्मालाप गरिरहेको हुन्छ । त्यसै बखत एउटी दोजिया महिला अशोक वृक्षमा पानी हाल्दछे र वृक्षलाई छाँद हालेर रुन्छे । दोजियाको साथीले अश्वत्थामालाई बनभित्रका लहराका झ्याङ भित्रबाट देख्दछे र वन झाँक्री वा वनदेवता ठान्दछे । दोजियाले अशोकमा पानी हाल्दा पनि नफुलेको, भद्राइका फुलहरु बचरा नहुँदै फुटेको र गर्भको बच्चालाई अष्टमात्रिकाले सुरक्षा दिन नसकेको करुण सन्दर्भ प्रस्तुत गर्छे । ग्रामबासीहरु कसैले गर्भस्थ शिशुलाई र निर्दोष रुखमा बाण हानेकोमा गुनासो व्यक्त गर्दछन् । अश्वत्थामाले यसरी वाण हान्नेलाई कसैले देख्न र रोक्न नसकेकोमा दुःख व्यक्त गर्दछ । यस्तो वाण धर्तीका निम्ति, जीव-जीवात्माका निम्ति बाजले गाँजेर नङ्ग्राको विष लागेको चरो जस्तै हुने सत्य प्रकट गर्दछ । यस्तो अवस्थामा कोखको असहय बेदना हटाउन गर्भस्थ शिशुको रक्षा गर्न दोजियाले अश्वत्थामासित अनुरोध गर्छिन । अश्वत्थामा आफूलाई बनदेवता नभएर बालहत्यारा ब्रह्मराक्षसका रुपमा परिचित गराएर बाहिर जान्छ ।

**अङ्क-चार**

स्थानीय पँधेरोमा एउटी पधेर्नी गाग्री भरेर विटबाट पानी पोखीरहेको र पँधेर्नी एकसुरले हेरीरहेकी हुन्छे । त्यही बेला अश्वत्थामा पानीको प्यासले छट्पटाउँदै त्यहाँ आइपुग्छ ।

 Vol. 1, Issue 1, Dec. 2022 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

पँधेर्नीहरु उसलाई काकाकुल जस्तो पानी पानी भनेर कराएको तर त्यत्रो बगेको पानी पिउन नसकेको कारण सोध्छन् । अश्वत्थामा युद्धरुपी रगतमा हात डुबाएको कारणले र आफूले सङ्घार गरेका वीरहरुको पानी माग्ने शब्द समेत खोसेको हुनाले तिनैको बोली आफूले प्रकट गरेको अनि आफ्ना रक्त रञ्जित हात पानीले नपखालिने र चाहेर पनि पानी खान नसकिने आफ्नो व्यथा प्रकट गर्दछ । पँधेर्नीहरु आफ्ना अँजुलीबाट उसलाई पानी खुवाउन लाग्दा टाउकाको घाउ देख्छन् । पँधेर्नीहरु एक अर्काका सिँउदाको सिन्दुर पुछेर घाउमाभरि औषधी गर्न थाल्छन् । पँधेर्नीहरुको जीवनदानको सङ्केत बुझेर अश्वत्थामा त्यसको बदलामा आफूले केही पनि दिन नसक्ने अवस्था भएकाले पश्चाताप पर्दछ । ऊ तप्त मरुभूमिमा गङ्गाले गरेको उपकार झै पँधेर्नीहरुले गरेको शीतल उपकारप्रति कृतज्ञता प्रकट गर्दै विस्तारै बाहिर निस्कन्छ । अश्वत्थामा गएपछि पँधेर्नीहरु आफ्ना पति र दाजुभाइहका वारेमा सोच्दै अश्वत्थामाको सम्झना गर्छन् ।

**दोस्रो भाग**

**अङ्क-पाँच**

पाताल गुफाको एक छेउमा उभिएर अश्वत्थामाले अनौठो किसिमको स्वर सुनिरहेको हुन्छ । एउटी आइमाई बच्चो च्यापेर दौडन्छे । अग्न्यास्त्रको प्रहार हुन्छ र आइमाई ढल्छे, अग्न्यास्त्रले आधा जलिसकेको मृत शरीरमा जीवित शिशुले मृत आमाको लाम्टो चुसेर बसिरहेको वीभत्स दृश्य देखिन्छ । त्यतिकैमा गुफाबाट अगुल्टाहरु बर्षिन थाल्दछ । दुरदुरसम्म विध्वंशका हृदय विदारक दृश्यहरु देखिन्छन् । त्यसैबेला कानमा ठेडी कोचेको आँखामा पट्टी लगाएको सैनिक अगुल्टो लिएर नाच्छ र चितुवाको गन्ध चिहानमा नअटाएको लाहाका साथै रौरब नरकको अनुभव गर्दछ । बाँकी रहेको एउटै जीवित मानवलाई बचाउन एउटी कुकुर्नी मृत आमाको छातीको शिशुलाई तानेर एक्कासी दुगुर्छे । सैनिक कुकुरलाई लखेटदै दगुर्छ र कुकुर्नीले बच्चालाई दुध चुसाएको देख्छ । त्यसपछि सर्वेसर्वा आउँछ, सैनिकले त्यो दुर्दशाको आरोप सर्वेसर्वालाई लगाउँछ । तर उल्टै सर्वे सर्वाले सैनिकलाई नै अग्निवाण प्रहार गरेर आमालाई मात्र नभएर शिशु हत्या गर्ने प्रयास गरेको आरोप लगाउँछ । बच्चालाई कुकुरको रिस र मानिसको बुद्धि भएको मानिस बनोस भन्ने चाहना राख्दछ । त्यहाँ विजित र विजयी देशहरु देखिन्छन् । खुशियाली मनाइरहेका मानिसहरुमा पनि पूर्व पीडाको अनुभव भइरहेको बुझिन्छ । त्यसै समयमा विजयोत्सव मनाउन सर्वेसर्वा आइपुग्छ तर उत्तेजित जनमानसले आजसम्म लुकीलुकी आक्रमण गर्ने आततायी सर्वेसर्वा बिजुली चम्केको जस्तै गरी आएको देखेर उसलाई अरिङ्गालले झै घेर्छन् । आफूलाई जीउँदो ज्वालामुखी र जाज्वल्यमान जीवन भएको ज्वाला ठानेर संसारै भष्मपार्ने आशय राख्ने सर्वेसर्वा कालो पर्दा च्यातेर अध्यारोतिर भाग्छ तर जनता त्यसलाई लखेट्दै जान्छन् ।

**अङ्क-छैठो**

अश्वत्थामा पाताल गुफाको एक छेउमा पिशाच जस्तै आवेग र उत्मादले विक्षिप्त भए झैं वा शुन्य लागे झैं उभिएको देखिन्छ । ऊ स्पष्ट उज्यालोमा जहाँतहीं विधवै विधवाहरुलाई देख्छन् । कोही पति वियोगमा झाक्रो फिजाएर चिहानमा रोइरहेका हुन्छन् । कोही सिन्दुर धोइरहेका हुन्छन् । कोही प्रियलाई भेट्ने अभिशारिकामा सर्पको काँचुली लगाउँछन् । युद्धमा अङ्गभङ्ग भएका मानिसहरु बैशाखी टकेरे आफ्नो घर खोज्दै छन् । रिसाएका पागलहरु हातमा आगाल्को अँगुल्टा हल्लाउँदै छन् त कोही ढुङ्गा र हतियारहरु बर्साउँदै छन् । नेपथ्यमा क्रुर हिंस्रक पशुका व्यवहार र आवाजहरु सुनिन्छन् । वस्ति निर्जन र श्मशान सरह भएको छ । मानिसको अनुहारमा केवल वैरत्वका पहिचान बनी आज पृथ्वी आधारहिन भएको, आकाश कहालिएको विभत्स र दारुण अवस्था मात्रै देखिएको छ ।

### तेस्रो भाग

### अङ्क-सात

कवि आफ्नो झ्यालबाट तारा हेरिरहेका हुन्छन् । तारा झस्किएको राँकेभूत हिँडेको अनुभव गर्दछन् । तारा हेर्दाहेर्दै कसैको आँखा जस्तो लाग्छ । अन्त्यमा त्यसले अश्वत्थामाको आकार ग्रहण गर्दछ । अनि उसले कविसित जन्मजात रुपमा आफ्नो टाउकोमा माणि भएको कुरा व्यक्त गर्दछ । आफ्नै असावधानीले उक्त नरमणि पनि गुमेको स्वीकार्दछ । यसरी अश्वत्थामा आफ्ना सम्पूर्ण अपराधहरु स्वीकार्दै पश्चातापको आँशुमा डुब्दछ । यसबाट कविलाई युद्ध र युद्धबाट सिर्जिएका यातनामय स्थितिहरुको पूर्ण चेतना हुन्छ । कवि केही भन्ननपाई मरिएका व्यक्तिहरुको व्यथा विश्वलाई सुनाउन चाहन्छ । युद्ध जनित सन्नाटा हेर्न असमर्थता प्रकाट गर्दछ । अश्वत्थामाले कविलाई सवै दुष्कार्य र चिच्याहट मर्म र व्यथाको उल्लेख गर्न आग्रह गर्दछ । युद्धको पीडाजनक अभिव्यक्ति गर्दै युद्धको अन्त्य गर्ने र भातृत्व प्रेममय भावनाको विकास गर्ने चाहना राख्दै कवि र अश्वत्थामाको एकाकार हुन्छ, अङ्कमाल गर्दछ र नाटक समाप्त हुन्छ ।

## निष्कर्ष

यस काव्यमा कवि मानसिक रुपमा पूर्णपरिपाक भई प्रौढावस्थाको प्रतिकात्मक चिन्तन, बिम्वचेतना, प्रेम, हार्दिकता, दार्शनिक चिन्तन, मातृत्व र भातृत्व बोध, व्यङ्ग्य चेतना, राष्ट्रवादी स्वर आदिलाई निकै मिहिन र कठिन कालिगढीका साथ समावेश गरेका छन् । अश्वत्थामालाई सम्पूर्ण युद्ध अपराधिहरुको विम्बको रुपमा, पृथ्वीमातालाई मानवको आश्रयस्थल वा गर्भ, वातावरणलाई सालनालको रुपमा अश्वत्थामाबाट प्रक्षेपित ब्रह्मास्त्र र आग्नेयास्त्रलाई आधुनिक आणिवक अस्त्रशस्त्रको रुपमा, दोजियालाई उत्तराको प्रतीकको रुपमा अन्ध्यारो गुफा, अन्धताको प्रतिकको रुपमा देखाएका छन् । प्रेम हार्दिकता र विवेकपूर्ण चेतनाको अभावमा मानव पाशविक र अपराधपूर्ण कार्यमा उद्धत हुन्छन् । त्यसैले अपराधीलाई

 Vol. 1, Issue 1, Dec. 2022 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

पनि सुधार्ने अचुक औषधी प्रेम र क्षमाशिलता नै हो । साथै राष्ट्रवादी चेतना, सांस्कृतिक परम्परा, भौगोलिकता, वनजङ्गल, प्राकृतिक सौन्दर्य, विश्वजनिन दुःखान्तता मानसिक द्वन्द्व पीडा आक्रोश, पश्चाताप कारुणिकता आदि दार्शनिक दृष्टिका उपागमहरु छन् ।

यसरी नाट्यकाव्यभित्र नाटकीय द्वन्द्व पनि प्रभावकारी रुपमा प्रस्तुत भइ युद्ध पूर्वको शान्ति र युद्धपश्चातको पीडा र दुःखान्तवस्थाको सङ्केत गरेकाले युद्ध र युद्ध अपराध, छल-प्रपञ्च, शक्तिको दुरुपयोग आणविक युद्ध विभीषिका आदि सदाको निम्ति अन्त्य गरी प्रेम हार्दिकता, चैतन्यता, मानवतावाद उदात्त भावना एवम् मानव मुल्यको रक्षा हुनु नै कविको मानसिक प्रक्षेपण रहेका छन् ।

## सन्दर्भ सूची

आचार्य, कृष्ण प्रसाद (२०६७), *नेपाली कविता र काव्य* (दोस्रो संस्करण), कीर्तिपुरः क्षितिज प्रकाशन ।

घिमिरे, माधव प्रसाद (२०५३), अश्वत्थामा, काठमाण्डौः नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, बासुदेव, दैवज्ञराज, न्यौपाने र केशव सुवेदी, (२०६५), *नेपाली कविता भाग-४* (पाँचौ संस्करण), काठमाण्डौः सभा प्रकाशन ।

शर्मा, विन्दु (२०६२), *गीतिनाट्य परम्परामा माधव घिमिरे,* काठमाण्डौः अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।